# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैंटौ अधिवेशन

# (छब्बिसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०३।०५ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ३:१८ बजे बस्यो ।

## माननीय सभामुख

माननीय सदस्यहरू आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू सर्वप्रथम माननीय आर्थिक मामिला तथा योजनमन्त्री श्री किरण गुरुङले मिति २०७७ साल असार १ गते सभासमक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको बाँकी सामान्य छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा बोल्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १० मिनेको समय निर्धारण गरेको छु ।

सर्वप्रथम म मानननीय श्री जुनादेवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय दीपक थापा ।

## माननीय जुनादेवी नेपाली

माननीय सभामुखज्यू, संघीय लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्था स्थापना गर्न राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजिवीकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। पर्वत जिल्ला कुस्मा नगरपालिका वडा नं. ३ दुर्लुङ ढकालवारीमा मिति २०७७/२/३१ गतेका दिन करिब ८:०० बजे रातको समयमा अबिरल घना वर्षासँगै आएको विनाशकारी पहिरोले गर्दा ९ जनाको निधन र भौतिक क्षति भएकोमा गहिरो दुःख व्यक्त गर्दछु। मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु । पहिरोका

कारण घर बगाएका परिवार र अन्य उच्च जोखिममा रहेका घर परिवारलाई पुनस्थापना गर्ने र उक्त बस्तीको भविष्यमा हुन सक्ने थप असरबारे स्थलगत अध्ययन जोखिम मूल्याङ्कन गरी सावधानी अपनाउन, प्राविधिक अध्ययन गर्न, सरकार समक्ष म माग गर्दछु । आज पर्वत जिल्लाका ५ जना स्वास्थ्यकर्मीहरूमा कोभिड-१९ पोजेटिभ देखिएको छ। अस्पतालका इमर्जेन्सी सेवाहरू बाहेक अरु सबै सेवा बन्द गरिएको अवस्था छ । हालसम्म जिल्लामा ४३ जना कोभिड-१९ पोजेटिभ देखिएको र आठ जना निको भई डिस्चार्ज भएको अवस्था छ र कोरोना भाइरससँग जुध्नको लागि थप चुनौती बन्दै गएको अवस्था छ। सावधानी र सतर्कता अपनाउनु पर्ने अवस्था आएको छ । सम्पूर्णलाई नआतिन र धैर्यपूर्वक आ-आफ्नो घरमा बस्न र सतर्क भई आफ्नो कार्य गर्नुहुन म विनम्र अनुरोध गर्दछु । यो विश्वव्यापी नोबेल कोरोना भाइरसको महामारीको चपेटामा परेर ज्यान गुमाएका सबै व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । कोरोना भाइरसबाट संक्रमित भई उपचाररत सबै व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु र कोरोना महामारीका विरुद्ध अग्र मोर्चामा संघर्षरत स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधि कर्मचारी र आम नागरिकहरू सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । माननीय सभामुखज्यू राणा शासन कालको अन्त्य पछि प्रजातन्त्र, पञ्चायती शासन व्यवस्था, बहुदलीय प्रजातन्त्र, लोकतन्त्र हुँदै नेपालको संविधान २०७२ को निर्माण पछि संघीय गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत गण्डकी प्रदेश सरकारले असार १ गते माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले बजेट यस गरिमामय सदनमा प्रस्तुत गरिसक्नु भएको अवस्था छ । विश्व आज कोरोना महामारीको संक्रमणले आक्रान्त छ। यो विसम परिस्थितिका बावजुद बजेट आएको छ। आर्थिक वर्ष २०७७/०७८ को राजस्व र दिएको वार्षिक अनुमान माथिको यो छलफलमा सहभागी हुने जुन अवसर प्रदान गर्नुभएकोमा म आभार प्रकट गर्दछु । गण्डकी प्रदेश सरकारले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना नेपाल सरकारले तय गरेको दीर्घकालिन लक्ष्य समृद्ध नेपाल सुखी नेपालीको अभियान राष्ट्रिय अभियानलाई र कोरोना रोकथाम, नियन्त्रण र उपचार गर्न समावेशी आर्थिक वृद्धि गरिबी निवारण, उत्पादन र उत्पातकत्वमा वृद्धि, कृषिको आधुनिकीकरण, औद्योगिकीकरण, गुणस्तरीय भौतिक पूर्वधारको निर्माण, प्राविधिक र व्यवसायिक शिक्षा, प्रविधिमैत्री शिक्षा सिकाइको विस्तार र गुणस्तरीय सेवा र स्वास्थ्य संस्थाको सुदृढीकरण र सुशासनको माध्यमबाट सामाजिक न्याय सहितको आम नागरिकले अनुभूत गर्ने गरी सकारात्मक परिवर्तन समाजवाद उन्मुख अर्थतन्त्र र समृद्ध प्रदेश र सुखी नेपालीको लक्ष्य प्राप्त गर्न उपलब्ध स्रोत र साधनको अधिकतम र दक्षतापूर्वक परिचालन गरी यो बजेट कार्यन्वयनमा आउने कुरामा यो बजेट कोशे ढुङ्गाको रूपमा रहने छ भन्ने मैले विश्वास लिएकी छु । नेपालको संविधान, घोषणापत्र र विनियोजित विधेयक २०७७/०७८ सिद्धान्त र प्राथमिकता आर्थिक वृद्धिदर वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमहरूलाई आयोजनाहरुको छनोट

र कार्यन्वयन गर्ने गरी यो बजेट आएको छ । मलाई विश्वास लागेको छ । कोरोना महामारीलाई रोकथाम र नियन्त्रण, संक्रमितहरूको उपचारको प्रभावकारी व्यवस्था गर्दै राष्ट्रिय अर्थतन्त्रमा यसले पारेको असर र प्रभाव न्यूनीकरण गर्दै शिथिल भएको अर्थतन्त्र विकास निर्माण र सेवा प्रवाह र सामाजिक जनजीवनलाई बचाउँने टिकाउने र पुनः गतिशिल बनाउने समग्र प्रदेशको विकास सुशासन र समृद्धिको लक्ष्य पूरा गरी संघीयताप्रतिको जनताप्रतिको अपेक्षा पूरा गर्न यो बजेटले महत्वपूर्ण भूमिका खेल्ने छ । मैले विश्वास लिएकी छु यस मानेमा गण्डकी प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री र गण्डकी प्रदेश सरकारलाई म धन्यवाद दिन चाहन्छु । र यो बजेटको पूर्ण म समर्थन गर्दछु । यति बेला हात धुन त कोरोनाले सिकायो तर दिमाग धुन चाहिँ के ले सिकाउछ ? म चिन्तन गरिरहेको छु । म मात्रै भन्ने भावना छोडी हामी भन्ने भावनाको विकास गर्ने सबैको अस्तित्व र पहिचानको खडेरी आगामी दिनमा पर्ने छैन । हामी सबैको सभ्ना फूलबारी हो यसमा सबै फुल्ने, फल्ने, खाने, रमाउने वातावरणको सिर्जना हुनेछ भन्ने कुरा म विश्वास लिन चाहन्छु । जुन लक्षित वर्ग समुदाय लक्षित कार्यक्रमहरूमा बजेट निर्दिष्ट गरेर नआउनु यो दुःखदायी पक्ष रहेको नै छ । बजेटमा समावेश आयोजना तथा कार्यक्रमहरू छिटो छरितो समयमा नै सम्पन्न गराउन झन्झटिला कार्यविधिहरू सुधार गरी नतिजामूलक कार्य सम्पादन अझै जोड दिनुपर्ने देखेको छु मैले र बजेट कार्यन्वयनमा आउने गरेका ढिलासुस्ती बाधा अढ्चन, व्यवधानहरू सुधार हुने कुरामा म विश्वस्त छु र विगतका दिनहरूमा विपन्न, गरिब वर्ग समुदायको जुन उपचार खर्च व्यवस्था गरिएको थियो त्यो उपचार खर्च माग्दामाग्दा विरामी नै मरेर जाने जुन अवस्था सिर्जना भएको छ आगामी दिनमा त्यो अवस्था हटेर जाने छ जुन हस्पिटलमा विरामीको उपचार भई रहन्छ स्थानीयको सिफारिस अनुसार त्यहीबाट त्यो सुविधा उपलब्ध गराउनको लागि म प्रदेश सरकारसँग माग गर्दछु । यति भन्दै मेरो भनाई अन्त्य गर्नुपूर्व गण्डकी प्रदेश सरकारले यो विसम परिस्थितिका बावजुद पनि बजेट ल्याएको छ समग्रमा जनताको हितमा छ म पूर्ण समर्थन गर्दछु धन्यवाद ! नमस्कार !

## माननीय सभामुख

माननीय श्री दीपक थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय मित्रकुमारी गुरुङ सुवेदी ।

## माननीय दीपक थापा

माननीय सभामुखज्यू, हामी २०७७/०७८ सालको बजेट माथि हामी छलफलका गरिरहेका छौं त्यसैले यो छलफलमा मैले पनि आफ्नो धारणाहरू आफ्नो जुन यहाँ रहेका बजेटका विषयवस्तु सम्बन्धी मैले राख्न अनुमति चाहन्छु त्यसैले यही छलफलको क्रममा सबैभन्दा

पहिले एकात्मक राज्यसत्ता अन्त्य गरी संघीय लोकतन्त्र गणतन्त्र प्राप्त गर्नुहुने जनयुद्ध, जनआन्दोलन र सबै जातजाति आन्दोलन वा सहिद प्राप्त गर्ने सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । यसरी नै यहाँ अहिले कोरोना भाइरसको एउटा महामारीबाट मृत्यु हुनेप्रति पनि यो श्रद्धाञ्जली टक्र्याउन चाहन्छु । साथै जुन अहिले यो कोरोना भाइरसबाट संक्रमित हुनुहुन्छ उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र जुन हामी यतिखेर जुन तेस्रो बजेटमा छलफल गरिरहेका छौं । त्यसैले यो हाम्रो देश नेपाल जलस्रोतको विश्व दोश्रो धनी देश हो । जल विद्युत उत्पादन सुरु भएको करिब १ सय वर्ष भन्दा पनि बढी भई सकेको छ । नेपालमा पानीको प्रयोगबाट विद्युत बलेको बेला बाँकी संसारको अधिकांश भू-भागहरू अन्धकार थियो । आज युरोप, एसिया र अन्य मुलुकहरूमा जुन भू-भागहरू रात र दिन एकै भैइ सकेको बेला नेपालको अधिकांश भू-भागहरू अध्यारो बन्नु आफैमा यो एउटा दुःखदायी हो । के यो प्रश्न राख्दा के यो अवस्थामा रहनुमा के यो सरकार के यहाँका हामी सांसद मन्त्रीज्यूहरूको यो दोष हो ? यो कदापि होइन त्यसकारणले यो दोष हिजोको विगतका सत्तासिन राज्यसत्ता सञ्चालन गर्नेहरूको यो दोषी हो । यो उनीहरूको विरासत हो । यसैले यद्यपि हामीले यही क्रममा जुन यो देशका एकात्मक राज्यसत्ता अन्त्य गर्नुको निम्ति जनयुद्ध, जनआन्दोलन र १२ बुँदे सहमतिको एउटा आधारबाट जुन संघीय गणतन्त्र संविधान सभा धर्मनिरपेक्षता र सामन्यताप्रति समावेशीको अवधारणाबाट जुन अहिले हामी जुन संविधान निर्माणको कार्यदिशामा हामी अगाडि बढिरहेका छौं त्यसैले यद्यपि मैले यहाँ यो भूमिका किन बाँधिराखेको छु र विगतका इतिहास किन कोट्याइराखेको छु भने यो विषयमा हामी यो कार्यन्वयनको विषयमा जुन हामी यहाँको जलजमिन, जंगल र हाम्रो जनशक्ति उपयुक्त गर्ने बेलामा जुन हिजोको विगतका तत्कालीन शासकहरूले यसलाई सही ढङ्गले पहिचालन गर्ने सही ढङ्गले प्रयोजन गर्ने सही ढङ्गले समन्वय गर्ने र सही ढङ्गले योजना प्राप्त गर्न सक्ने त्यसैले चाहे यहाँ हामीले पिउने पानी देखि सिँचाई, विद्युत उत्पादन, सरसफाइ, उद्योग, यातायात, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र युवा महिला खेलकुद संघ सूचना तथा सञ्चार तथा सूशासन तथा शान्ति क्षेत्र र सन्तुलन समन्वय र न्यायोचित वितरण व्यवस्था बारे यो गण्डकी प्रदेश २०७७/०७८ को बजेट बनेको छ त्यसैले यो बजेट जुन मैले यो भन्दा अगाडि पनि प्राथमिकता र नीति कार्यक्रमका विषयमा पनि राखेको थिएँ त्यसैले यो अहिलेको जुन यो कोरोना भाइरसको एउटा चारैतिर भयाबहको अवस्थामा पनि समय सन्दर्भ यो एउटा जुन चपेटाबाट र महामारीबाट यो ठीक एउटा समयलाई आकलन गरेर अगाडि बढेको छ त्यसकारणले म र मेरो दलले यसलाई पूर्ण समर्थन गर्न म चाहन्छु । त्यसैले यही सन्र्दभमा मैले जुन यहाँका सकारात्मक पक्षहरू यहाँ धेरै छन् । जुन की धेरै यहाँ छलफलमा आफ्ना विषयवस्तु राख्ने क्रममा यहाँ जुन माननीयज्यूहरूले राख्नु भएको छ यो कतै जुन बजेट अथवा २०७७/०७८ बजेटमा यो कतै विज्ञापन यहाँ केही छैन यथास्थितिवादीको एउटा रहेको छ । यो कतै पोके हो, धोके

हो, कतै यो के हो भनेर यहाँ आएको छ। त्यो आफ्नो धारणाबाट राख्नुभाको छ त्यो आफ्नो दृष्टिकोणबाट आफ्नो ठाउँमा राख्नुभएको छ। यति मात्र के म भन्न चाहन्छु भने यो बजेट जुन यो चाहिँ सही छ यो सही ढङ्गबाट अगाडि बढेको छ। कि यो बजेटमा जुन कि यहाँका सबै यो गण्डकी प्रदेशमा भ्रण्डै यहाँ ११ जिल्ला ८५ गाउँपालिका र ३६ वटा निर्वाचन क्षेत्र छ त्यसलाइ सही ढङ्गले क्षेत्रीय तरिकाले निर्धारित गरेर त्यसलाई कार्यन्वयन गरेको छ। चाहे निर्वाचन क्षेत्रको बाटो होस् चाहे यहाँ एक पालिका एक रंगशाला धनको कुरा होस् चाहे विद्युतको कुरा होस् चाहे तपाईको सिँचाइको कुरा हो प्रत्येक पालिका निवार्चन क्षेत्रलाई फोर्स गरेर लगेको छ। यसरी नै कृषिलाई पनि जुन कि यहाँ मुख्यमन्त्री वातावरणको कुरा होस् चाहे पकेट होस् यहाँ गणको कुरा होस् चाहे यो अन्य सीपको कुरा होस् यसले सबैलाई समेटेर लगेको छ। यहाँ कार्यन्वयन गर्ने विषयमा कहिकहि यसमा समय सन्दर्भ र यसल कतै चाहिँ अपूग तरिकाले यसलाई समय निर्धारण गर्न सक्ने कुरा कहि यसको केही असर रह्यो होला तर त्यसमा पनि सरकारले र यो जुन कि कार्यन्वयन पक्षमा कमी चाहिँ देखिएन। जस्तै यो भन्दा अगाडि जुन कि यो बजेटहरू आउने क्रममा हामीमा एउटा संघीय जुन अभ्यासको क्रमले गर्दा हामी यही मञ्चबाट हलबाट हामी रित्तो किसिमले उभिएका थियौं जुन कि हामी शून्य थियौं हामीसँग एउटा भवन थिएन हामीसँग सदन चलाउने स्थिति थिएन यस्तो खालको एउटा जुन उसको अवस्था कर्मचारी देखि प्रशासनदेखि क्षेत्राधिकार देखि लिएर एउटा शक्ति बाँडफाँड देखि लिएर जुन यो प्रदेशको नामाकरण देखि लिएर एउटा राजधानी ठोस गर्ने कुरा पनि हामीले त्यही खालकोमा गरेका छौं। त्यसैले मैले के मात्र गर्न चाहे भने यि विषयमा राख्ने क्रममा समयमै आकलन गर्ने कुरा आउँछ कतै त्यो काम योजनाहरूलाई सन्तुलन बनाउने कुरा आउँछ। कतै त्यसको कही हामी त्यसको संयोजन गर्न सकेनौं कि भन्ने एउटा फिल हुन्छ। अथवा त्यसको समीक्षा गर्नु पर्ने हुन्छ। यसको यो योजनाहरूलाई कार्यन्यन गर्ने पक्षमा कहि न कहि यो ढिलासुस्ती क्रममा कतै पक्षपाती यसले धक्का दिएको भन्ने यसलाई मैले मान्न सक्दिनँ स्वीकार्न सक्दिनँ त्यसैले यो योजनालाई अगाडि बढाउने क्रममा यो ठीक ढङ्गले अगाडि बढेको छ यो व्यवस्थित ढङ्गले अगाडि आएको छ। त्यसैले जुन यो सरकार जुन कि आजको दिनमा भ्रण्डैभ्रण्डै यहाँ हामीले एउटा बजेटको शीर्षकहरू धेरै नै हामी यहाँ राखेका छ, त्यसलाई हामी अध्ययन गरिराखेका छौं त्यसैले हामीले महत्वपूर्ण तपाइ हामी सबै माननीयहरूले छलफल गर्नै बसेका हौं जस्तो कि हामी यहाँ पुरानो निरन्तरता तथा कार्यान्वयनमा जाने र त्यो योजना र कार्यान्वयन विशेष खालको यहाँ १ प्रदेश जुन प्रदेशका गौरवका कुराहरू जुन खाने पानीको कुरा होस् चाहे सडकको कुरा होस् चाहे कुनै कृषिको कुरा होस् त्यसलाई प्रत्यक्ष अगाडि बढाउने र ठोसठोस गरेका जुन क्षेत्रहरूलाई त्यसलाई पनि पूर्ण रूपले ध्यान दिने भनेर सबै माननीयबाट सबैबाट जुन राय सल्लाह साथ लिएर अगाडि सारेको हो र त्यही भएको हुनाले यो नीति र प्राथमिकता दिने क्रममा

(माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो । ) जुन छ यो बजेटको कुरा एउटै (माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो । ) किसिमबाट आएकोले त्यो सही छ ठीक छ  त्यसैले यो पूर्ण समर्थनका साथ म विदा हुन चाहन्छु हस् त धन्यवाद !

## माननीय सभामुख

माननीय श्री मित्रकुमारी गुरुङ सुवेदीलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय मणिभद्र शर्मा ।

## माननीय मित्रकुमारी गुरुङ सुवेदी

माननीय सभामुखज्यू, आर्थिक मामिला तथा योजनमन्त्रीज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को बजेटमा हामी छलफल गर्दै आएका छौं । सभामुख महोदय, मैले आफ्नो विषयहरू एकदम छोटकरीमा राख्न गइरहेको छु । कोभिड-१९ को विशेष परिस्थितिलाई ख्याल गरेर सन्तुलित तथा समाजवाद उन्मुख प्रगतिको यो बजेट छ । स्वास्थ्य क्षेत्रलाई विशेष जोड दिएको छ ।  अनुत्पादक तथा अनावश्यक खर्च छुट्याई उत्पादन उद्योग र रोजगारीमा विशेष ध्यान दिइएको छ । पूर्वाधारका क्रमागत योजनाहरूलाई पूरा गर्ने गरी बजेट विनियोजन भएकोले बजेट कार्यन्वयन गर्न सहज हुनेछ । सटासुटि प्रदेश विकास प्राधिकरण गठन, प्रदेश अनुसन्धान, ब्यूरो, प्रदेश खेलकुद एकेडेमी आदिको व्यवस्था भौतिक तथा मानव श्रमसाधनको विकासमा यो बजेट प्रगतिशील लयमा छ । सभामुख महोदय, हेलो मुख्यमन्त्री कार्यक्रमलाई आधारभूत तहमा जोडेर सुशासन आत्मसाथ गराइएको छ । विधा प्रशासनको अथतन्त्रलाई  पुर्नजीवित गर्न खोजिएको छ । कृषिको आधुनिकरण गरी आत्मनिर्भर अर्थतन्त्रमा फड्को मार्न खोजिएको छ । गण्डकी प्रदेश उज्यालो प्रदेश एक घर एक धारा हाइवे मोबाइल अस्पताल जस्ता अनेकौं कार्यक्रम लिएर प्रदेश सरकार जनजनका घरघरमा पुग्ने समृद्धिको अभिलाशा लिएको छ । महिला तथा बालबालिका अस्पताल अवधारणा, सुत्केरी अवस्थाको ज्यान बचाउन गरिएको हेलिकप्टर लगायत धेरै स्वास्थ्य क्षेत्रका तमाम कामहरूलाई बजेटले समेटेको छ । बजेट यो गौरवित पनि हो । सभामुख महोदय, त्यसैले यो बजेटको म पूर्ण समर्थन गर्दछु । यो बजेट समय सान्दर्भिक हुँदाहुँदै पनि म केही राय व्यक्त गर्न चाहन्छु । बजेटमा भनिएको झैं राजस्वको आधार कमजोर छ त्यसैले राजस्वको दायरालाई  फराकिलो र चुहावट नहुन गरी संयन्त्र बनाउनु पर्दछ । समुदाय विद्यालयमा जम्मा ३६ वटा बालविकास केन्द्रलाई स्तर उन्नति गर्ने लक्ष्य लिएको राम्रो छ । यसलाई कम्तीमा एक पालिकामा एक बालविकास केन्द्रको स्थापना गरियोस् म अनुरोध गर्दछु ।  शिक्षा पूर्वाधारको पनि पूर्वाधार भएको हुँदा थप लगानी गर्नु पर्दछ । करिब १० हजारलाई रोजगारी दिने उद्देश्यले आएको रोजगार सीप विकास केन्द्रमा विद्यालयमा छोराछोरी पढाउन नसक्ने गरिब परिवारलाई प्राथमिकता दिई रोजगारको व्यवस्था मिलाउनु

पर्दछ । संक्रमण रोगले जेष्ठ नागरिकलाई बढी प्रभाव पार्ने हुनाले गण्डकी प्रदेशमा जेष्ठ नागरिक अस्पताल सुविधा सम्पन्न बनाउनु पर्दछ । सभामुख महोदय, म भ्रष्टाचार गर्दिन मैले भ्रष्टाचार गर्न पनि दिन्नँ भन्ने सम्माननीय प्रधानमन्त्रीज्यूको अमूल्य अभिलासालाई पूर्ण रूप दिन विभागीय मन्त्रालयको आकस्मिक अनुगमन प्रणाली स्थापना गरिनु पर्दछ । आफ्नो गाउँ आफै बनाऔं भन्ने ज्यादै लोकप्रिय कार्यक्रमलाई प्रदेश सरकारले समेट्नु पर्छ। समग्रमा यो बजेट राम्रो छ। सबैमा यो बजेट पुगेको छ। त्यसैले पनि यो बजेट जनतासँग र जनता हित भएको हुँदा यसको म पूर्ण समर्थन गर्दै मेरा भनाइ यही अन्त्य गर्छु धन्यवाद ! नमस्कार !

## माननीय सभामुख

मानननीय श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु  त्यसपछि माननीय राजिव पहारी ।

## माननीय मणिभद्र शर्मा

माननीय सभामुख महोदय, यो बजेटका १२, १३, ३२ ६९, ८१, १०६ बुँदालाई मैले राम्रो मानेको छु । त्यस्तै सोच राम्रा भएका बजेटले उपहास भएका केही बुँदाहरू पनि छन् । मैले डिटेलमा जान मलाई समयले दिएन। १३१ संघीय हस्तान्तरित योजनाहरूलाई क्रमागत गर्ने भनेको छ १५५, २६ मा कोरोनासँग सम्बन्धित छ। त्यहाँ ६०.४ करोड चानचुन पैसा राखेको छ। २७ मा व्यवसाय जीवन कोस भनेको छ १०० करोडको २८ मा कोरोनावृत्तको सीप, प्रविधिका बारेमा बोलेको छ। त्यस्तै २९ को रोजगार सिर्जना गर्ने र प्रदेश निर्वाचन क्षेत्र विकास पनि गर्ने २९१ करोडो छ। यी बजेट ती लक्ष्य पूरा गर्न अत्यन्त अपर्याप्त छन् त्यस्तै १४८ बुँदा जो यो हाम्रो अहिले छलफल गरिराखेको संस्थासँग जोडिएको छ । ७५/७६ मा १९ करोड, ७६/७७ मा १५ करोड, ७७/७८ मा १२ करोड हाम्रो गाउँले भाषामा झर्‍यो ओराली भन्छन् यस्तोलाई । अब यो संस्थालाई के बनाउन खोजिएको हो ? कुन नियतले यस्तो गर्न खोजिएको छ ? यो गम्भीर रूपमा नेपाली कांग्रेसले लिएको छ । संसदलाई बलियो बनाउनु पर्ने संसदका समितिहरू ५ वटा समिति छन्  कार्य व्यवस्था समेत उनीहरूले विभिन्न कार्यक्रम राख्नका लागि यी धेरै पैसा  कर्मचारी तलब भत्तामा जाने हुनाले बजेट जम्मा ८९ लाख मात्र यहाँ राखिएको छ । यो धेरै अपर्याप्त छ र यो संस्थालाई संघीयतालाई उपहास गर्न खोजिएको हो यसबाट मैले राम्रोसँग अनुभूत गरें । दोस्रो नं. मा केही बुँदाहरू मितव्ययिताको नारा हामीले निकै चर्काएका छौं । तर यहाँ सेतो हात्ती आज पनि सेतो हात्ती भोलि पनि सेतो हात्ती हुने एउटा बुँदा छ बुँदा नं. ६७ त्यो आबुखैरनी र स्याङ्जाको दक्षिण भेगमा राखिँदै छ । त्यो आज, भोलि, पर्सि सधैं छ त्यो हात्ती । त्यस्तै यो १५२ बुँदा नं. मा एउटा अहिले प्रदेश विकास प्राधिकरण भनेर आएको

छ । संरचना माथि संरचना यो पनि मितव्ययितासँग मेल नखाने कुराहरू मलाई लाग्यो । त्यस्तै केही बुँदाहरू यस्ता छन् तीनै तहका सरकारले अर्थात् दुईवटा तहका सरकारले भोलि डाटा जोड्न मिल्ने । बुँदा नं. ३२, ३३, ३४, ३५, ३६ यि चाहिँ मैले सामान्य बुँदागत कुरा गरें । अलिकति सैद्धान्तिक कुराहरू पनि यो बजेटसँग जोडिएका कुराहरू म अनुरोध गर्न चाहन्छु सभामुख महोदय, आर्थिक वर्ष ७५/७६ को बजेट जुन ५८ प्रतिशत मात्र खर्च गर्न सफल भयो । त्यहाँ एउटा घोषणा गरिएको थियो १० हजार जनालाई रोजगार दिने भनेर । हामीले गत यो आर्थिक वर्षको सुरुवातमा हामीले प्रश्न गऱ्यौं । १० हजार जना कहाँकहाँ कुनकुन ठाउँमा कोको खपत भएत भनेर डाटा माग्दा डाटा २ हजारको पनि यो सरकारले दिन सकेन यही सदनमा हामीले माग्यौं सरकारले २ हजारको पनि डाटा दिन सकेन । आज यो सरकारले बनाएको योजना आयोगले यहाँ १ लाख बेरोजगार छन् र अझ विदेशबाट आउने थपिदा डेढ लाखको हाराहारीमा बेरोजगारी पुग्छन् भनेर प्रक्षेपण गरेको छ । अब हामीले यही छाँट र यही तरिकाले बेरोजगारीलाई रोजगार दिन सक्छौं ? व्यवस्थापन गर्न सक्छौं ? गम्भिरता कतातिर जानु पर्ने हो ? आज रोग र भोकबाट जनतालाई बचाउने मान्छेलाई बचाउने प्राथमिकतामा यो बजेटले केन्द्रित गर्न सकेको छैन । सबैभन्दा धेरै मानिसलाई अटाउन सकिने अलिकति फराकिलो भएको रोजगारको क्षेत्र भनेको कृषि हो । कृषिमा अहिले मोटामोटी सर्वे गर्दा ४३ प्रतिशत जमिन यो गण्डकी प्रदेशको बाँझो छ । बाँकी जमिनमा पनि पूरा उपयोग भएको छैन । त्यो अवस्थामा हामीले कसरी त्यहाँ मानिसहरूलाई सेटअप गर्न सक्छौं बेरोजगारलाई सेटअप गर्न सक्छौं भनेर यहाँ गम्भिरताका साथ यो बजेटले बोल्न खोजेको देखिँदैन । त्यस्तै गरेर यो हाम्रो आमाले सानोमा एउटा कथा सुनाउनुभाथ्यो फिस्टा चराको फिस्टा चराले आफ्नो हुर्केको बच्चा गुँडबाट बाहिर पहिलो खेप चर्न गएपछि बासको टुप्पोमा बसेछ अनि बासको टुप्पा अलिकति तल झरे जस्तो लागेछ अनि फिस्टा चराले त्यो भर्खर गुँडबाट निस्केको चराले आमालाई भन्यछ, मैले त आज बासको टुप्पा भुतक्कै नुघाए भनेर फेरि आमा चाहिँले खुट्टी देखेर पत्याएँ भनेर त्यो बच्चालाई जवाफ दिएको कथा आमाले सानोमा सुनाउँनु भाथ्यो । १० हजार बेरोजगारलाई त व्यवस्थापन गर्न नसक्ने सरकारले अहिले डेढ लाख बेरोजगार हाम्रो सामु छन् । हाम्रो सामु डरलाग्दो कोरोना छ । यो सँग जुँध्न इमान्दारी साथ भन्नु पर्थ्यो हामी सकेनौं कि भनेर । अब यहाँ ढाँट्ने काम भएको छ । जनतालाई धेरै दिन नढाँट्दा राम्रो हुन्थ्यो । यो बजेटका सिद्धान्तले जनतालाई ढाँट्न पाइन्न है भन्छ । सत्य कुरा बोल्नुपर्छ भन्छ । अब अर्को कुरा यो सरकार गठन भएदेखि मैले मोटामोटी डाटा खोजें चानचुन १७ करोडको डिजेल, पेट्रोल खर्च भएछ । आजको दिन सम्म यो वैशाख मसान्तसम्मको डाटामा १७ करोड चानचुनको डिजेल खर्च भएछ । हामीले भाषण गर्दा अनि त्यसपछि अघिपछि पनि गर्दा यो त कम्युनिष्टको सरकार हो । एकदम भिजन भएको सरकार हो। ठुलोठुलो सपना देख्छ भन्ने मैले त कस्तो लाग्याथ्यो भने यो सपनामा पक्कै

पनि यो डिजेल पेट्रोल जोगाउने कारको कारखाना, गाडीका कारखाना यो प्रदेश सरकारले गर्छ । धवाडीमा सेयर हाल्न  जान सक्ने सरकारले यहाँ आफूले सुरु गरेर अरुलाई नि सेयर माग्छ यस्तो भिजन ल्याउछ भन्ने सोचेको थिएँ । पक्कै पनि भिजनरी सरकार हो त्यस्तो त आएन अब पनि फेरि डिजेल र पेट्रोल अब यो बाँकी हाम्रो अवधिको साढे दुई वर्षमा त्यो भन्दा धेरै जान्यो होला किनभन्दा अर्का गतिविधि त बढ्ने होलान् त्यसो हुनाले यो मितव्ययी बनाउने पैसा चाहिँ विदेश जानबाट  जोगाउनेका लागि हामी चाहिँ गम्भिर भएनौं । गण्डकी प्रदेशमा कृषि उपज, तेलहन, दलहन र अरु खाद्य पदार्थ फलफूल तरकारीहरूको जति यो हाम्रो प्रदेशमा  बाहिरबाट आउछ यो अहिलेको सरकारको चानचुन ३५ अरब बजेट हाम्रो बाहिर जान्छ । तरकारी र फलफूलमा दुग्ध खाद्यान्न लगायतका सामग्रीमा जान्छ । अब अहिलेको विश्व अलि सम्पन्न राष्ट्रहरूमा त यो सिङ्गारपटारको सागग्रीमा ३० प्रतिशत भन्दा बढी खर्च जाने गरेको छ । हाम्रोमा पनि अहिले १० प्रतिशत भन्दा बढी खर्च यो सिङ्गारपटारका सौन्दर्य सामग्रीहरूमा जाने गरेको छ । त्यस्ता सौन्दर्य सामग्रीहरूका उद्योग पनि हामी यहाँ सुरु गर्न सक्थ्यौं । जो साना साना घरेलु उद्योगका रूपमा रहुन् त्यो प्रति पनि जनतालाई आश्वास्त पार्ने किसिमले बजेटले छुन सकेन । यसरी बजेट सरकारको विरोधमा भन्दा पनि मैले राम्रा बुँदालाई  राम्रो, ठिक्ककालाई ठिक्कको र खराबलाई खराब भनी सत्तापक्षका साथीहरूले सुझावका रूपमा भने मैले भनेको पनि सुझावै हो । यसलाई त्यही रूपले बुझिदिनु होला म त्यति फेरि पनि दोहोर्‍याएर अनुरोध गर्छु र यो प्रदेश सभालाई उपाहास गरेर जाने र सभालाई निरुत्साही गर्ने काममा म फेरि दोहोर्‍याएर आफ्ना कुराहरूलाई फोकस गर्दै सभामुखज्यूको पनि ध्यान आकर्षण गर्दै कतै हामी बजेट माग्ने कुरामा पनि हामीले कतै लेख्न भुल्यौं कि हामीलाई यति भए पुग्छ भनेर लेख्यौं कि त्यो कुरामा पनि हाम्रा सचिवालयलाई पनि ध्यान आकर्षण गर्दै अझै पनि सच्चिने ठाउँ छन् भने सचाएर जान भन्ने अनुरोध गर्दै म आफ्ना भनाइहरू अन्त्य गर्दछु धन्यवाद ! जय नेपाल !!

## माननीय सभामुख

माननीय श्री राजिव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय आशा कोइराला ।

## माननीय राजिव पहारी

सभामुख महोदय, आज २०७७/०७८ को बजेटको छलफल माथि एउटा सानो कविता वाचन गर्दै आफ्ना भनाइहरू अगाडि राख्न चाहन्छु । विगत ३ दिनदेखि विद्वान माननीयज्यूहरूका भनाइ सुनिरहेको छु । एउटा कविता फुर्यो :

हामी एउटा कुरा सिक्यौं विरोध गर्नुपर्छ यहाँ
मौका यही हो सकेसम्म जनतालाई भ्रम छर्नुपर्छ यहाँ ।
ठीक र बेठीक छुठ्याउने त हाम्रो धर्म नै होइन
भ्रम र निरासाको जाल थापी सत्यलाई छोप्नुपर्छ यहाँ ॥

भनेजस्तै झुट भ्रमका कपोलकल्पित कथा रच्दै स्थापित सत्यलाई समाप्त पार्ने प्रयत्न भइरहेको बेला जीवनमा आजसम्म कुनै पनि खालको प्रबक्ताको पद धारण नगरेको जनताको सेवककोतर्फबाट केही कुराहरू राख्न चाहन्छु । माननीय अर्थमन्त्री किरण गुरुङले प्रस्तुत गर्नु भएको बजेट कुल ३४ अरब ८४ करोड २१ लाखको छ । चालुतर्फ ४१.२ प्रतिशत, पुँजीगततर्फ ५७.४ प्रतिशत, वित्तिय बैंक व्यवस्थातर्फ १.४ प्रतिशत छ । यो बजेट बक्तव्यको पेज २, ३ र ४ को आधाआधिसम्म ०७६/०७७ को बजेटले सम्भावित महत्वपूर्ण उपलब्धी र कमी कमजोरीको वस्तुनिष्ठ समीक्षा र शिहांलोकन गरेको छ र यथार्थताको जगमा उभिएर आएको छ। जसको कारणले यो बजेट आगामी वर्षमा कार्यान्वन हुन सजिलो हुनेछ । विनियोजन बजेट ०७७ तथा ०७८ सम्बन्धी कार्यन्वयन गर्न बनेको विधेयक सरकारको नीति तथा कार्यक्रम ०७७ को पूर्ण पालना गरी तयार गरिएको छ ।

तसर्थ निश्चित आर्थिक प्रिन्सिपलबाट यो गाइडियट छ । चालु वर्षको योजनालाई निरन्तरता दिँदै नयाँ तथा जनमुखी कार्यक्रमहरू समावेश गरिएको छ । सरकार भनेको अविछिन्न उत्तराधिकारी अवस्था भएकोले विगतमा सम्पन्न नभएका बहुवर्षीय योजनाहरू यस वर्षभित्र सम्पन्न गर्ने गरी बजेट विन्यास भएको छ । यसले गण्डकी प्रदेशलाई समृद्ध प्रदेशलाई लक्ष्यलाई भेदन गर्ने उद्देश्य लिएको छु । यस बजेटले सबै भन्दा उच्च प्राथमिकता स्वास्थ्य क्षेत्रमा त्यसमा पनि कोभिड-१९ को कारण विदेशमा रोजगारी गुमाएका युवाहरूलाई स्वदेशमै रोजगारी दिने कार्यक्रम समावेश गरिएको छ । जसमा पुँजीगत अनुदान हाल कुपन स्वरूप हाल १८ करोड छुट्टिएको छ ।

प्राविधिक तथा व्यवसायिक तालिममा ९ करोड ८९ लाख छुट्याएको छ । कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रणको लागि अस्पताल शैया थप क्वारेन्टाइन व्यवस्थापन पिसिआर मेसिन खरिद गर्ने योजना अन्तर्गत समग्र कोभिड-१९ लाई लक्षित गरी २ अरब ५१ करोड ७६ लाख छुट्याइएको छ । कोभिड-१९ को कारण यातायात पर्यटन लगायतका क्षेत्रमा परेको असर न्यूनीकरण गर्ने योजना समावेश गरिएको र व्यवसाय सर्वायल कोषमा १ अरब छुट्याइएको छ । संघीय सरकारको मझौला खालको एउटा मन्त्रालयको जति जम्मा बजेटबाट कोरोना रोकथाम, न्यूनीकरण, स्वास्थ्य, कृषि, पूर्वाधार, शिक्षा, पर्यटन, रोजगारी लगायत सम्पूर्ण क्षेत्रमा अत्यन्त सीमित स्रोत साधनको बाबजुद बजेटको हरेक क्षेत्रमा

सन्तुलित हुँदै आएको छ । यसको लागि सरकार र अर्थमन्त्रीलाई धन्यवाद दिन चाहन्छु । यो बजेट ठेक्कामुखी होइन जनमुखी । वितरणमुखी होइन विकासमुखी , प्रचारमुखी होइन परिणाममुखी । खालको यो बजेट आएको छ र यस बजेटका बारेमा यस सम्मानित सदनमा विभिन्न कोणबाट विषयवस्तुको उठान भएको छ ।

यो सदनको सुन्दर पक्ष हो । यसले सदनको गरिमालाई बढाउने काम गर्छ तर बजेट नै जम्मा पुगनपुग राजस्वको दायरा फराकिलो बनाउँदा पनि घाटा पूर्ति र ऋण लिँदा पनि पुगनपुग ३५ अरबको भन्दा ठूलोको बजेट बन्न सक्दैन अनि ३५ खरबको जस्तो कोरोनामा जम्मा यति कृषिमा यति थोरै पूर्वाधारमा पुगेन रोजगारीमा भएन, शिक्षामा कनिका छरे झैं छर्ने, बजेट ढ्याम्मढ्याम्म खरबखरब हाल्नुपर्छ भनेर रकम भन्नु भनेको सस्तो र भद्दा टिप्पणी र कुण्ठाग्रस्त अवस्तुवादी अभिव्यक्ति हो । तर म धेरै त्यतातिर जान चाहन्नँ । बजेट(रकम) त आवश्यकताअनुसार भोलि रकमान्तर हुँदै जाने कुरा हो । कोरोनाको विषयमा यहाँ धेरै कुरा उठ्यो त्यो स्वभाविक हो ।

विश्वको मानव जातिलाई नै यसले गम्भीर संकट यसले पारेको छ तर छातिमा हात राखेर हामीले सोचौं त गण्डकी प्रदेश सरकार र मुख्यमन्त्रीज्यूले अत्यन्त सीमित स्रोत र साधनको बाबजुद अकल्पनीय रूपमा आई परेको यो कोरोना कहरलाई नियन्त्रणमा राख्नु जुन पहल र प्रयत्न गरेको छ । जसरी खट्नु भाको छ, के हामी त्यो जिम्मेवारीमा भएको भए त्यसरी सक्थ्यौं त ? अनि यो सरकार भनेको भिजन, मिसन र एक्सन भएको नेकपाको सरकार हो । यसको कार्यकाल पूरा ५ वर्ष छ । बाँकी अझै साढे २ वर्ष छ । आधा मात्रै समय गएको छ । त्यसो भएर जुन तपाईंहरूले समीक्षा राख्नु भएको छ, यी सबैलाई यो सरकारले पूरा गर्ने छ । अहिले पोखराको गण्डकी प्रदेश सभामा म बोलिरहेको छु । दिल्लीमा पानी पऱ्यो भनेर पोखरामा छाता ओढ्ने मान्यतालाई म आत्मसाथ गर्न सक्दिनँ ।

गण्डकी प्रदेशको जनप्रतिनिधिहरू यहाँको बारेमा बोल्नु सिँगो धर्ति नै मैले थेगेको छु भन्ने भ्रमबाट मुक्त हुनुपर्छ । सामग्री खरिदमा भ्रष्टचारका कुरा उठे, क्वारेन्टाइन्नमा बलत्कार भएका कुरा उठाए, खान नपाएर भोकभोकै भएका कुरा उठे, अन्य कोभिड-१९ को परीक्षण गर्न पाएनन् भन्ने कुरा आए, म शिष्टता र शालिनतापूर्वक प्रश्न गर्न चाहन्छु गण्डकी प्रदेशमा सामग्री खरिद गर्दा कहाँ के कुरामा भ्रष्टचार भएको छ ? प्रमाण देखाउनुहोस् ? सँगै गएर मुद्दा हालौंला । क्वारेन्टाइन्नभित्र यस प्रदेशमा कहाँ कसको बलत्कार भएको छ ? को खान नपाएर भोकभोकै मरेको छ ? कसले पिसिआर परीक्षण गर्न पाएको छैन ? कुन स्वास्थ्यकर्मीले पिपिय पाएको छैन ? तथ्य दिन पर्दैन ? नत्र त्यसै सरकार भ्रष्टचारमा लिप्त छ ।

मनपरी छ भनेर मुखमा जे आयो त्यो बोल्न मिल्छ ? के हामी बोलेका कुराप्रति जिम्मेवारी र जवाफदेही हुनु पर्दैन ? हावामा मुड्की हान्नुको कुनै अर्थ हुँदैन । कम्तीमा माननीयज्यूहरूले पनि बोलेका कुरा हामीलाई सुनौं सुनौं लाग्ने टिपौंटिपौं लाग्ने त हुनुपर्‍यो सधैं एउटै कुरा एकोहोर सुँगा रटाई आजको दिनसम्म धनगढीमा बाटोमा हिँड्दा गाईले हिर्काउन आयो भनेर पोखरामा घरमा बाँधिराखेको दुधालु सोझो गाईलाई गाली मात्रै होइन लौरालौराले चुट्न खोज्नु भनेको के को न्यानो हुनुजस्तो मात्रै हो । जनताले यसो भनेका छन् भन्दै आफ्नो मनलाई असन्तुष्टि पोख्न पाइयो । तर जनतासँग त स्वयं माननीय मुख्यमन्त्री प्रत्येक मुलुकका १ डेढ घण्टा सामाजिक सञ्जालमा अन्तरक्रिया गरिरहनु भाको छ । जनभावना बुझेर योजना बनाउने काम गरिराख्नु भाको छ । यस संकटको घडीमा हामी सबै मिलेर मात्रै कोरोनाबाट उन्मुक्ति पाउन सक्छौं । त्यसको निम्ति घरमा आगो लाग्दा मेरो कोठा सुरक्षित छ भन्नुको कुनै अर्थ छैन । हामी सबै एकताबद्ध भएर अगाडि बढ्यौं भने कोरोना दिन दुई गुणा रात चौं गुणाको दरले बढी रहेको बेला आलोचनाको नाममा आत्तिम भ्रष्टीकरण नगरौं भन्ने मात्र हो । सभामुख महोदय, संकटको बेला उत्तेजना, आक्रोश भड्काउनको लागि राज्य संयन्त्रलाई सहयोग गरौं यहाँ धेरै कुराहरू आएका थिए। घाँस काट्ने कुरा आए, दाउरा बोक्ने कुरा आए म यति मात्र भन्न चाहन्छु । श्रमको अपहेलना नगरौं । श्रमलाई अपमान नगरौं ।

सभामुख महोदय, पूर्वाधार विकास कार्यक्रमले हामी जनप्रतिनिधिहरूलाई जनताको हितमा स्थापित गर्ने काम गरेको छ । छिटोछरितो काम सम्पन्न हुने जनचाहना र भावना बुझ्ने कामलाई पनि सहयोग पुगेको छ । कहिले विकासको ध्यान नपुगेको ठाउँमा विकास पुगेको छ । एकातिर हामी माननीयलाई विकास निर्माणको काममा संलग्न गराइएन भन्ने अर्कोतिर संलग्न गराउँदा सस्तो लोकप्रियताको निम्ति विरोध गर्ने भनेको कम्मल ओढेर घ्यू खाने प्रविधि जस्तो मात्र हो भन्ने मलाई लाग्छ । सम्माननीय सभामुख महोदय, म केही सुझाव पनि दिन चाहन्छु, बजेट कार्यन्वयनमा जोड दिनुपर्नेलाई ध्यान दिने र ध्यान दिनुपर्नेलाई जोड दिने काम गरियो भने परिणाम निस्कने काम अनुसारको परिणाम ननिस्कन सक्छ । यसो भएर जोड दिनुपर्नेलाई ध्यान दिने र ध्यान दिनुपर्नेलाई जोड दिनुपर्ने ढङ्गबाट अगाडि बढ्न म यो बजेट कार्यन्वयन हुन सजिलो हुनेछ भन्ने कुरा राख्दै  एउटा डाटा छ । अहिले पनि सबै भन्दा बढी परीक्षण छिमेकी मुलुकहरू भन्दा नेपालमा बढी छ । प्रति १० लाखमा ५ हजार १ सय ४६ परीक्षण नेपालमा हुन्छ । भारतमा ४ हजार ४ सय ११ पाकिस्तानमा ४ हजार ३ सय ८ छ ।

अन्तिममा म एउटा स्वस्थानीको श्लोक राख्न चाहन्छु । कुमारजी आज्ञा गर्नुहुन्छ हे सरकार के गर्नु त यस्तो माहामारी र संकटको बेलामा पनि सीमित स्रोत साधनको बाबजुद राम्रो र प्रदेशिक बजेट सरकारले ल्याउला र तत्कालिन देखिएका समस्या समाधान आउने गरी

कामको मेसो पार्ला जस्तो लागेकै थिएन । यसले गर्दा कुबेरको सम्पत्ति जजमानको पिपत्ति जस्तो पो हुने भयो हाम्रो त वास्तवमा बजेटले समाजमा उन्मुख जनहितकारी सबै क्षेत्रलाई समेटेर ल्याएको छ । बोलौं बोल्न नहुने विरोधको निम्ति विरोध गर्नै पर्ने इतिश्री स्कन्दे पुराणेविरोधी महात्मे गण्डकी प्रदेश खण्डे प्रदेशसभा सरकार तथा बजेट विरोध संवादे बजेट अधिवेशन कथायाम् समाप्त धन्यवाद !

## माननीय सभामुख

माननीय श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु  त्यसपछि माननीय कृष्ण थापा ।

## माननीय आशा कोइराला

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङले यस सदनमा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यमा हामी छलफल गर्न गइरहेका छौं । कोभिड-१९ को प्रकोपले असाध्यै प्रभाव पारेको यो विसम परिस्थितिको बाबजुद झण्डै ३५ अरबको बजेट यस सदनमा प्रस्तुत भएको छ । २ अरब ऋण नेपाल सरकार र आन्तरिक स्रोतबाट उठाउने हिम्मत यो सरकारले गरेको छ । आएका स्रोतहरूको निर्धारण गरेको छ । आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै समाजवादी अर्थतन्त्रको आधार तयार गर्ने तर्फ यो बजेट लक्षित छ । चालू खर्च भन्दा पुँजीगत खर्च बढी हुनु यसको सबल पक्ष हो, यो बजेटको भने अत्यावश्यक बाहेकका खर्चहरू कटौती गर्दै स्थानीय स्रोत साधनको उपयोगबाट रोजगार सिर्जना गर्ने आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै समृद्ध प्रदेशको आधारशीला तयार गर्ने तर्फ लक्षित भएकोले यो बजेट यथार्थपरक छ ।

वर्तमानको जटिल समस्यालाई यसले सम्बोधन गरेको छ । वर्तमानको जटिल समस्याको सम्बोधन हिजोको कार्यक्रमहरूको निरन्तरता र भोलिको लक्ष्य किटानी यसले गरेको छ । वर्तमानलाई यसले कोभिड-१९ को नियन्त्रण रोकथाम उपचारमा उच्च महत्व दिएको छ भने कोभिडकै कारण विदेशिएका युवाहरू जो स्वदेशमा छन् फिर्ता हुँदै उनीहरूको लागि विशेष कार्यक्रमको समेत यसले निर्धारण गरेको छ । त्यसकारण यो वर्तमान, भूत र भविष्यको स्पष्ट ढङ्गले सम्बोधन गर्दै आएको हुनाले यो बजेट अलिकति महोत्वकांक्षी हुनु स्वभाविक हो । हामीले भन्यौं हिजोका थुप्रै योजनाहरू यहाँ आएका छैनन् महत्वपूर्ण योजनाहरू ।

प्रदेशको गौरवको योजना भनेका योजनाहरू आएनन् । विभिन्न कारणले ती योजना आएनन् तर युनिभर्सिटीको स्थापना गर्ने र आइटी र मेडिकल साइन्समा यसै वर्षदेखि कक्षा सञ्चालन गर्ने दुईवटा औद्योगिक क्षेत्र यसै पटक सञ्चालन गर्ने अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्ने लगायतका उच्च महत्वका कार्यक्रमहरू यसले पस्केको छ । त्यसैले यो उच्च महत्वकांक्षा बोकेर वर्तमानको समस्यालाई ध्यान दिँदै भविष्यमा एउटा निश्चित मार्गदर्शनको साथ आएको हुनाले यो बजेट महत्वकांक्षी छ र तापनि यथार्थपरक छ ।

हामीले कुनै पनि योजनाहरूलाई निरन्तरता दिनु हामीले निरन्तरता दिएकोमा नि विरोध गरेका छौं नयाँ योजना ल्याउँदा खेरि पनि सन्तुष्टि मानेका छैनौं भने गर्नुपर्ने चाहिँ कुरो कहाँ नेर हो ? म त भन्छु कार्यक्रमले निरन्तरता पाउनु भनेको विकास योजनाहरू गुणस्तरीय बन्नु र परिणाममुखी हुनु हो । यो सरकारलाई उपलब्ध दिने खालको योजनाहरू यहाँ आएका छन् । कृषि मार्फत समृद्धि देखेको छ । बेरोजगारी समस्याको हल गर्ने योजना प्रस्तुत गरेको छ । सुलभ कृषि ऋण प्रवाह गर्ने नीति ल्याएको छ । द्वन्द्व पीडितहरूको हामीले धेरै चोटी कुरा उठायौं त्यसको सम्बोधन गरेको छ । भौतिक पूर्वाधारका महत्वपूर्ण योजनाहरू सडक, पुल, खानेपानी, सिँचाई लगायतको एउटा निश्चित संकल्प यसले साँचेको छ ।

म हाम्रो निर्वाचन क्षेत्र तनहुँ निर्वाचन २, १ मा कतिवटा धारा भयो भन्न सक्छु ३६ सै वटा निर्वाचन क्षेत्रका सांसदज्यूहरूले यसबाट भएका उपलब्धिहरूको मापन गर्न सक्नुपर्छ र त्यही मापनको आधारमा आफ्ना अभिव्यक्तिहरू हामीले यहाँ राख्यौं भने वास्तवमा यो सरकार सफल छ कि छैन ? उपलब्धिमूलक कार्यक्रम ल्यायो कि ल्याएन । यो बजेटबाट प्रदेशलाई समृद्ध बनाउन सकिन्छ कि सकिँदैन त्यहीबाट हामीले मापन गर्न सक्छौं त्यसैले माननीय सभामुख महोदय, यहाँ सर्वाधिक रूपमा टिप्पणी भएको अथवा विरोध भएको योजना एउटा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम हो । मैले सुनेको थिएँ हिजो सांसद कोष थियो केन्द्रमा । सांसद कोष भनेको सांसदहरूको लागि इच्छा अनुसार काम गर्नको लागि छुट्याइएको कोष थियो होला त्यतिबेला हामीले यो प्रयोग गरेनौं ।

अहिलेको यो निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम निश्चित मापदण्डको आधारमा निर्वाचन क्षेत्रको आधारमा अथवा समग्र प्रदेशको समानुपातिक विकास होस् भन्ने अवधारण अनुसार यो अधिकार यो कार्यक्रम ल्याइएको मैले बुझेको छु । त्यही अनुसार हामीले माग पनि गरेका गरेका थियौं । मेरो विचारमा अहिले हामी आर्थिक वर्षको अन्तिममा छौं । ढिलो सुरु भएर पनि सबै भन्दा प्रभावकारी ढङ्गले कार्यान्वयन भएको योजना सायद यो निर्वाचन पूर्वाधार विकास कार्यक्रम होला । यसमा ३६ वटा निर्वाचन क्षेत्रमा २५ वटा योजनाको दरले ९ सय वटा कार्यक्रमहरू छनोट भएका छन् ।

एकाद वाहेक ती सबै सम्पन्न हुन्छन् भन्ने कुरामा मलाई विश्वास छ  किनभने हामी प्रत्यक्ष रूपमा त्यो योजनाको निगरानी गरिराखेका छौं । त्यो योजनासँग हाम्रो प्रेस्टिज जोडिएको छ । केन्द्रदेखि तलसम्म सबै जनाले सांसदको लागि व्यक्तिगत खर्चको लागि बजेट दिएको जस्तो गरेर यो बजेटलाई यहाँ पनि माननीयज्यूहरूले प्रस्तुत गर्नु भएको छ। मलाई थाहा छैन हामीले कार्यकर्तालाई बाँड्न यो बजेट कार्यविधिले दिएन । यदि त्यस्तो भएको छ भने यसको जे कार्यविधि छ जुन आधारमा यसको कार्यन्वयन हुनुपर्ने हो त्यही आधारमा यसको कार्यन्वयन गर्नको लागि म सरकारलाई विशेष अनुगमन गरेर निगरानी गरेर कार्यन्वयन गराउनको लागि म हार्दिक अनुरोध गर्न चाहन्छु । मैले सर्वाधिक सफल देखेको कार्यक्रम मध्ये यो पनि एउटा हो ।

त्यसैले म निर्धक्क रूपमा यो कुरा प्रष्ट पार्न चाहन्छु । यति हुँदाहुँदै पनि केही सुझावहरू मेरा छन् । कृषिमा हामीले अनुदान होइन बरु ऋणै दिऔं सुलभ मूल्यमा भन्यौं अहिले त्यो सम्बोधन भएर सुलभ व्याजमा ऋण प्रवाह गर्ने कृषिको लागि भनेर आएको छ । तर कसलाई कसरी कुन प्रक्रियाबाट कुन कामका लागि कहिले पाउने हो ? कति प्रतिशतमा पाउने हो ? त्यसको स्पष्ट मापन साथ यो कार्यक्रम आउनु पर्छ यतातिर सरकारको ध्यान जाओस् । सहीद, बेपत्ता, घाइते, अपाङ्ग, पीडित र प्रभावितहरूको कुरा गर्‍यौं हामीले जनयुद्ध कालमा किनभने यहाँ जनयुद्ध र जनआन्दोलन अथवा हिजो राणा शासन विरोधी आन्दोलन गर्दाका समेत हाम्रा धेरै सहिदहरू हुनुहुन्छ आदरणीय सम्मानीत सहिदहरू सबैको सम्बोधन भएको छ ।

राज्यले सूचीकृत पनि गरेको छ  तर ५२ देखि ६२ सालसम्मको १० वर्षको अवधिमा भएका चाहे तत्कालिन अवस्थामा राज्य पक्षबाट होस् चाहे तत्कालिन अवस्थामा विद्रोही भनेको माओवादी पक्षबाट होस् । धेरै साथीहरू सहिद हुनु भाको छ हाम्रा नागरिकहरू घाइते हुनु भएको छ, वेपत्ता हुनु भएको छ, पीडित र प्रभावित हुनुहुन्छ । उहाँहरूको लागि सम्बोधन भयो कार्यक्रममा आयो तर सीपमूलक तालिम उद्यमशीलता भनेर त्यहाँ बच्चाहरू छन् । त्यहाँ वृद्धवृद्धाहरू छन् । बुबाआमाहरू असहाय अशक्तहरू छन् युवाहरू पनि छन् ।

युवाहरूको  लागि आवश्यकताहरूको लागि उद्यमशीलता र सीपमूलक कार्यक्रम ठीक छ तर बच्चाहरूको लागि उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था गर्ने कुरा वृद्धवृद्धाहरूलाई आवश्यक सम्मान र संरक्षण गर्ने कुरा साथै त्यहाँको कस्तो खालको आवश्यकता हो त्यो आवश्यकताको आधारमा हो उहाँहरूलाई सम्बोधन गर्ने कुरा स्पष्ट रूपमा किटान भएर आओस् म यो कुरा हार्दिक रूपमा आग्रह गर्न चाहन्छु । अर्को कुरा जनआन्दोलनको सम्म ०६२/०६३ जनआन्दोलनको सम्म हाम्रा २५ जना सहिदहरूको अभिलेखिकरण भएको छ । राज्यका सबै निकायहरूमा उहाँहरू सबैको फोटो हामीले सम्मानका साथ झुण्डाएका छौं

तर हाम्रा सहीदहरु आदरणीय जनआन्दोलनका सहिदहरू यो पूर्व माओवादीका मात्र होइन सबैका सहिदहरूको त्यो सम्मानित अवसर प्रदान गर्नको लागि का`को हुन् त गण्डकी प्रदेशका ११ जिल्लामा यसको राम्रोसँग तथ्याङ्क लिने काम गरियोस् भन्ने कुरा थियो । त्यो कुरा छुटेको छ म महत्वका साथ यो तथ्याङ्कलाई लिने कुरा राखियोस् ।

अर्को औद्योगिक क्षेत्र कास्कीको कुरिङटार भनेर लेखिएको रैछ तर भर्खरै मात्र कास्कीको पुडीटार र सँगै जोडिएको तनहुँको शुक्लागण्डकीको केही क्षेत्र सर्वेक्षण भएको छ । कास्कीको पुडीटार र शुक्लागण्डकीको घारी क्षेत्र भनेर त्यसमा सम्बोधन गरियोस् उल्लेख गरियोस् । साथै बजेट कार्यान्वयनमा समस्या देखिएको कुरा हामी सबैले अनुभूति गरेको कुरा हो । समयमा कार्यान्वयन हुन सकेन, समयमा कार्यान्वयनको वातावरण बनेन त्यो वातावरण बनाउनका लागि म सरकारलाई हार्दिक आग्रह गर्न चाहन्छु । जबसम्म राज्य बलियो हुँदैन तबसम्म जनताले सेवा, सुविधा र अवसर प्राप्त गर्न सकिँदैन । (माननीय सभामुखः माननीय सदस्य, समय सकियो) बजेट नाफामुखी छ राज्य जवाफदेही हुनुपर्छ । हामी बजारको कुरा गरिरहेका छौं । नाफामुखी व्यक्तित्वहरु र नाफामुखी बजारको कुरा गरेर । (माननीय सभामुखः माननीय सदस्य, समय सकियो) हामीले यो बजेटलाई प्रभावित पारिरहेका छौं । यो ढंगले नजानका लागि हार्दिक आग्रह गर्दै रचनात्मक सुझाव, सल्लाहहरू जो सदनमा प्रस्तुत भएका छन् ती सुझावहरूको आधारमा यो बजेट कार्यान्वयनमा सरकारलाई सफलता मिलोस् हार्दिक शुभकामना दिँदै बिदा हुन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय हरिशरण आचार्य ।

## माननीय कृष्ण थापा

माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको बजेट वक्तव्य सन्दर्भमा मैले आफ्नो भनाइ छोटो रूपमा प्रस्तुत गर्न चाहन्छु । धेरै माननीयज्यूहरूले यहाँ स्वस्थानी वाचनसमेत गरेर जानु भयो । एक अर्कालाई कटाक्ष गर्दै मैले मेरो आफ्नो गाउँतिरको एउटा भनाईलाई यहाँ अगाडि सारेर आफ्ना अगाडि भनाइहरू प्रस्तुत गर्छु । गाउँमा के भन्नी चलन छ त भने, धेरै घिऊ खाए पनि गौवा त त्यही छ नि भन्ने एउटा भनाइ छ हेर्नुहोस् । यो संघीय व्यवस्थामा प्रदेशलाई साह्रै राम्रो बनाउने भनेर जति फूलबुट्टा, जति कथा, जति स्वस्थानी हाले पनि हाम्रो बजेट त यही छ नि यही हो नि त । करिब करिब ३४ अरबको बजेट हाम्रो यही हो । ३४ अरबमा पनि हामीले ४५ प्रसेन्ट न ह्रस्व, दीर्घ केही चेन्ज गर्न मिल्दैन होला ।

मलाई लाग्छ बाँकी रहेको ४६ प्रसेन्ट हो । ४६ प्रसेन्टलाई पूर्ति गर्नलाई भनेर बजेटमा प्रस्तुत गरेको पनि हामीले के देख्यौं भने यो चालु आबमा फर्केर आउँला भनेर करिब करिब ७ अर्ब बजेट फेरि हामीले अनुमान गरेर बजेट प्रस्तुत गरेका छौं । त्यसैले मलाई लाग्छ सबै कुरा यही गौवा जस्तै छ त्यसैले मलाई लाग्छ यति सानो बजेटले हाम्रो प्रदेशलाई धेरै संवृद्धि बनाउँछौं जस्तो मलाई लाग्दैन  त्यसकारण हाम्रो धेरै यो अप्ठ्यारो स्थितिबाटै हामी अगाडि बढेका छौं र यो बजेट सन्दर्भमा, सरकारको नीति र कार्यक्रम सन्दर्भमा मलाई के  त लाग्दछ भने मैले धेरै कुराहरू भनिसकेको छु । त्यसैले अहिले भनिने कुराहरू पनि तिनै भनाई हुन जस्तो मलाई लाग्छ र मैले ती भनाइहरूलाई फेरि राखिरहनु पनि उचित ठान्दिन । र मैले यहाँ केही छोटा कुराहरू मात्र भनाइ भन्न चाहन्छु ।

बजेट वास्तवमा समानुपातिक किसिमले जिल्लाका, क्षेत्रका, पिछडिएका क्षेत्रहरू, ठाउँहरूलाई विशेष आधार मानेर बजेट विनियोजन गर्नुपर्छ । यदि पिछडिएका क्षेत्रहरू छुट्ने, पिछडिएका जातिहरूलाई सम्बोधन हुन नसक्ने स्थिति भयो भने निश्चित रूपमा प्रदेश सरकारले विनियोजित गरेको बजेटबाट त्यहाँका क्षेत्रहरू, त्यहाँका जनताहरू लाभान्वित हुन सक्दैनन् । त्यसैले गर्दाखेरि त्यहाँका जनताप्रति अन्याय हुन्छ । बजेट त्यो प्रकारले वितरण हुनुपर्छ । समान भनेर हुन्न, जहाँ राम्रो विकास भएको छ त्यहाँ पनि उहीँ, जहाँ राम्रो भएको छैन त्यहाँ पनि उही गरेर हुँदैन जस्तो मलाई लाग्छ । त्यसकारण यो बजेट त्यही प्रकारले आओस् मैले त्यही कुरा अनुरोध गर्न चाहन्छु  र मैले विशेष गरेर एउटा मुख्य सुझाव के दिएको थिए त भने हामी धेरै साना साना योजनाहरू छनौट गऱ्यौं र अलि ठूला योजनाहरू छानौं न भनेर मैले सुझाव दिएको थिएँ सायद म अर्थमन्त्रीको अन्तिममा माननीयज्यूहरूका सुझावलाई ग्रहण गर्नु भएको छ भनेर भन्नु भएकोछ मलाई लाग्छ त्यो ग्रहण कहाँ हो ? ५ वटा प्रदेशका ठूला योजनाहरू एउटा उद्योग, कलकारखाना, विद्युतको क्षेत्रका कारखाना अथवा अन्य केही होस् । त्यो एउटा योजना कुन हो ? यो कुरामा अहिले पनि वास्तवमा प्रदेश चुकिरहेको छ कि जस्तो मलाई लाग्छ । यसले गर्दाखेरी मैले एउटा सुझाव यहाँ प्रस्तुत गरेँ । आज हाम्रो यो कोभिडको कारणले गर्दा स्वास्थ्यमा धेरै बजेट छुट्टिएको छ भनेर हामीले धेरै खुट्टा उचालिरहेका छौं । हेर्नुस् यो बजेटमा सबभन्दा बढी पालिकास्तरमा स्वास्थ्य र शिक्षामा कुन शीर्षकमा बजेट छुट्टिएको छ लौ भन्नुहोस् त मलाई ? हामी जिल्लाको कुरा गरौं भने जिल्ला हस्पिटल एउटा, केन्द्रगत रूपमा गयौं भने प्रदेशका केही प्रतिष्ठानहरू, केही हस्पिटलहरू भनिएको छ यसले गर्दाखेरी मलाई लाग्छ एउटा पालिकामा कमसेकम एउटा योजना त जाओस् स्वास्थ्य र शिक्षाको विषयमा किन हामी त्यो विषयमा मुकदर्शक बन्यौं ? किन हामी त्यस विषयमा ध्यान दिन सकेनौं ? यो कुरा मैले अनुरोध गर्न चाहन्छु ।  यो स्वास्थ्य सन्दर्भमा एउटा शुभकामना पनि मैले किन दिन चाहन्छु त भन्ने यो मुटु रोग, क्यान्सर रोग के के भनेर हामीले हस्पिटल

निर्माण गर्ने भनेर भनेका थियौं । हाम्रै मेरै सुझावलाई मानेर होला पोहोर एक करोड भन्या अहिले दुई करोड छुट्याइएछ । त्यसकारण यो बजेट वक्तव्यले पनि के भन्या छ त भने, चार महिनापछि बजेट कार्यान्यवन हुने कार्यविधि आउँछ भनेको छ त्यसकारण मुटु, क्यान्सर र यस्तो रोगको विशेष मन्त्रीज्यूले कार्तिकमा हुन्छ होला चार महिना ल मैले ढिलो भए एकै महिना ढिलो मंसिरमा होला मुटुरोग, क्यान्सर रोगको उद्घाटन गरेको देख्न पाऊ मेरो यही शुभकामना छ र अन्तिममा मैले योजनाहरूको सन्दर्भमा पुरानालाई निरन्तरता यो पुरानालाई निरन्तरता भन्ने शब्द वास्तवमा यो बजेट वक्तव्यको धेरै अंश समेटिएको छ । ठीकै हो योजना पूरा नभएकालाई पूरा गर्नु, निरन्तरता दिनु स्वभाविक हो तर पुरानामा छनौट नै नभएका, छानिदै नछानिएका भए के गर्ने नि ? ल भन्नुहोस् त त्यस्तो ठाउँलाई कसरी निरन्तरता दिनी ? त्यो ठाउँलाई निरन्तरता दिनुपर्छ कि पर्दैन ? त्यसले गर्दा खेरी म के भन्न चाहन्छु त भने अहिले पनि कतिपय अवस्थामा नयाँ योजनाहरू छनौट गरेर हामीले फेरि पनि अर्को वर्ष निरन्तरता दिने कुरालाई ध्यान दिनुपर्छ र त्यसो गर्न सकियो भने विगतमा छुटेका कैयौं योजनाहरूलाई अहिले पनि सम्बोधन गर्न आवश्यक छ त्यसकारणले निरन्तरताले मात्र समेटेको छैन जस्तो मलाई लाग्छ र मैले अन्तिममा के भन्न चाहन्छु त भने, हामी सबैको अगाडि सबैले भनेको कुरा के हो त भने बजेट कार्यान्वयन हुन सकिरहेको छैन । नीतिगत रूपमा, आर्थिक रूपमा धेरै किसिमको भ्रष्टाचार भएको छ र त्यति मात्र होइन आज जनताका दैनिक समस्याहरूमा पनि चरम रूपमा महंगी बढेको छ । आज तीन महिनामा कम्तिमा पनि एक किलो चिनीमा १५ देखि २० रूपैयाँ मूल्य वृद्धि भएको छ । यसले गर्दा मलाई लाग्छ भ्रष्टाचारको प्रश्न जनताका लागि सेवा सुविधा बनाउनका लागि चरमरूपमा बढेको महंगी नियन्त्रण गर्ने कुरामा सरकार गम्भिर बनोस् । र धेरै कार्यक्रमहरू यहाँ समावेश भएका छन् ती कार्यक्रम उपयुक्त पनि छन्, राम्रा पनि छन् र त्यसलाई एकदम सफलतामा पुऱ्याउनका लागि विशेष किसिमका कार्यक्रमहरू, विशेष किसिमका योजनाहरू र विशेष गरेर म के भन्न चाहन्छु त भने योजनाहरूको जिम्मा लिने तर योजनाहरूलाई लथालिंग पारेर छोड्ने त्यो उपभोक्ता समिति होस् कि ठेकदार होस् कि, त्यसलाई कारवाही गर्ने कार्यविधि पनि यो सरकारबाट आउन आवश्यक छ र त्यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नुपर्छ भन्ने भनाई राख्दै म आफ्नो भनाई यहीँ टुँग्याउँछु धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, गत जेठ ३१ गते शनिवार राति आएको पहिरोमा परि कुश्मा नगरपालिका वडा नं. ३ दुर्लुग ढकालवारीमा भएको मानवीय क्षतिप्रति जनता समाजवादी पाटी संसदीय दलको तर्फबाट गहिरो दुःख प्रकट गर्दछु । मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै उक्त स्थानमा थप क्षति हुनबाट रोक्न र पीडित परिवारलाई वा आफन्तलाई तत्काल क्षतिपूर्तिको व्यवस्था गर्न सरकारसँग जोडदार माग गर्दछु । सकारात्मक सुझाव दिने प्रतिपक्ष र नकारात्मकलाई पनि सकारात्मक बनाएर बुझ्ने सक्षापक्ष भयो भने त्यो लोकतन्त्र बलियो पनि हुन्छ तर हाम्रो गण्डकी प्रदेशमा प्रतिपक्षले राखेका विषयलाई दिउँसै रात पार्ने विषय बनाएर सरकारका प्रमुख व्यक्तिहरू जो आफूलाई लोकतन्त्रको मसिया भनि ठान्छन्, उनीहरूले आफ्नै खिल्ली उडाइरहेका छन् । आज प्रतिपक्षलाई पूरै बेवास्था गरेर बजेट ल्याइयो ।

चालु आर्थिक वर्षको बजेट कार्यान्वयन गर्दा सत्ताको उन्मादमा प्रतिपक्ष नै छैन क्यारे जस्तो गर्दै सरकारले राज्यको ढुकुटी एकलौटी बनायो । मानौ जनमत यत्ति मात्र हो । गत चैत्र र वैशाखमा सरकारले आफ्ना कार्यकर्ता मात्र खुसुखुसु बोलाई तपाईंलाई २० लाख, तपाईंलाई ३० लाख भन्दै आफ्नै व्यक्तिगत विर्ता अंशवण्डा गरे झैँ बाड्छ प्रतिपक्षका सांसदले थाहा पाउँछन् कि भने झै गर्छ । बजेट पोका पोका बनाएर राख्ने अनि कार्यकर्तालाई डोकामा भरेर पठाउने । अघिल्लो दिन संसदमा म तलब भत्ता लिन्न भन्ने भालिपल्ट योजनाहरूका कसिमन र हप्ताको बार्केनिंग गर्ने यही होइन त भ्रष्टाचार शून्य सहनशीलता ?

यही हैन त भ्रष्टाचार गर्दिन् र भ्रष्टाचार गर्न पनि दिन्न भन्ने नारा ? कोभिड १९ लाई देखाएर अब त लुट्ने बेला यही हो भन्ने सरकारलाई परिरहेको छ। कहिले जनशक्ति अभावलाई देखाउने, कहिले कार्यविधि नबनेको भन्ने, कहिले कोभिड १९ देखाउने अनि भ्रष्टाचार गर्नका लागि एउटा एउटा एजेन्टा बनेकै छ अनि मानौं यही सरकार सुशासनको सिंहासन ठड्याएर बसेको जस्तो कति गजब छ हाम्रो गण्डकी प्रदेश सरकार । अनुत्पादक क्षेत्रको बजेट कटौती गरेर उत्पादक क्षेत्रमा लगानी बढाउने कुरा सरकारले धेरै राम्रो एजेन्डा ल्याएको छ म सरकारलाई धन्यवाद दिन चाहन्छु तर पञ्चायतकालीन कर्मचारी तन्त्र विधि, पद्धति र खरिद ऐनदेखि संयन्त्र परिवर्तन भएको छैन त्यो कर्मचारी संयन्त्रमा पर्याप्त जनशक्ति पनि छैन । तपाईंलाई अर्को वर्ष पुरस्कृत गरिन्छ भनी भनी फकाइफकाइ कर्मचारीलाई काम लगाउनुपर्ने र पूजीगत खर्च बढाउनुपर्ने आवश्यकता छ तर खाइपाइ आएका कर्मचारीको भत्ता कटाउने कुरा गरिन्छ । हामीले चढेको गाडी २ करोडलाई १ करोडमा, १ करोडलाई ५० लाखमा झारेर खर्च कटौती गर्ने हिम्मत गर्न सक्छौं ? हामी कर्मचारीको मात्र भत्ता कटौती गर्ने कुरा गर्छौं । सांसद र मन्त्रीका पनि भत्ता कटौती गर्ने

कुरा गर्न सक्छौं ? एउटा नीति योजना आयोग छ त्यसैलाई राम्रोसँग काम दिन सकिएको छैन । यस्तो आर्थिक संकटको बेलामा नयाँ कार्यकर्ता भर्ति गर्ने प्रदेश विकास प्राधिकरण किन चाहियो ? आफ्नै संयन्त्रभित्र किन द्वन्द्व बढाउनु हुन्छ ? तलब सुविधा चाहियो, गाडी चाहियो, कार्यालय चाहियो, आवास चाहियो यही भएर ११ करोड छुट्याउनु भएको होइन ? त्यसलाई कटौती गरेर अत्यावश्यक ठाउँमा लगानी गर्नु न ? याद गर्नुहोस् शक्तिको उन्मादमा अरिंगालहरू पनि एक आपसमा टोकाटोक गरेर सकिन्छन् । अनि त्यतिबेला हामी हेर्दै गर्छौं । प्रतिपक्षको आँखाले राम्रो पनि देख्छ, नराम्रो पनि देख्छ तर सत्ता पक्षको आँखाले नराम्रो कहिल्यै देख्दैन । सधैं राम्रै देख्छ, सधैं राम्रै लेख्छ त्यही भएर र विश्वका कैयौं आदर्शहरू पत्तै नपाई गल्र्यामगुर्लुम्म ढल्छन् । हामीले गरेका सबै काम ठीक छन् कि छैनन, पारदर्शी छन् कि छैनन् ? यसको नियमन गर्न हामीले एउटा नियमन किन नबनाउने ? कुरा गर्छौं हामी संसदीय लोकतन्त्रको अनि समाजवादी व्यवस्थाको परिकल्पना गरेको हामी गफ दिन्छौं । खिर्रोको बोटमा सुन्तला फलाउने सपना देख्छौं अनि आउँछ समाजवाद ? विद्युतीय सवारी साधनलाई ल्याउन निजी क्षेत्रलाई प्रोत्साहित गर्ने भन्ने अनि कर लगाउने? विद्युत खपत बढाउन नेपाल विद्युत प्राधिकरण आम जनतालाई आह्वान गर्छ तर सरकार हस्पिटल अत्यावश्यक क्षेत्रमा सौर्य उर्जामा खर्च गर्न खोज्छ अत्यावश्यक क्षेत्रमा स्थायी विद्युतीय संरचना निर्माण गर्न हामी किन नसक्ने ? एकापट्टी विद्युत खपत बढ्ने अर्कोतिर राजस्व पनि बढ्ने, विदेशी सोलार प्यानललाई हामी परनिर्भर हुनुभन्दा हामीले स्वदेशी विद्युतलाई खपत गर्ने एउटा बानीको विकास गरौं म आग्रह गर्न चाहन्छु । सरकारले एक घर एक धारा दुई वर्षमा जनताको घर घरमा पुर्‍याउने नारा बनायो आज तेस्रो बजेटमा छलफल गर्दै गर्दा उदाहरण ८०० घरधुरी ६ करोडको स्टमेट बनाइन्छ अनि २१ लाख बजेट छुट्याइन्छ । अनि त्यो योजना २ वर्षमा पूरा हुन्छ सरकार ? कृषिमा सहुलियत दरमा ऋण दिने कुरा गरिन्छ । संघले ५ प्रतिशत व्याज अनुदान दिन्छ । प्रदेशले कति ब्याज अनुदान दिने हो ?

त्यसको किटानी गर्नुपर्‍यो नि त ? हामीले भनिराखेका छौं । अहिल्लो वर्षसम्म मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ थियो अहिले फेरि मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ बनाइएछ यो शब्द कसरी परिवर्तन भयो मलाई पनि थाहा छैन । ढुंगा, गिटी, बालुवा, दहत्तर सम्बन्धमा सरकारले यस पटक अली बढी चासो दिए जस्तो लाग्यो । वन क्षेत्र र निजी जग्गामा रोडा, ढुंगा, गिटी, बालुवालगायत दहत्तर दहत्तरलाई करको दायरामा ल्याउने त्यसलाई प्रदेश सरकारले शुल्क असुल उपर गर्ने भनियो प्रायः जसो वन क्षेत्र, नदी तथा खोला किनारसँग जोडिन्छ सार्वजनिक जग्गा नदी किनारमा स्थानीय तहले असुल उपर गर्छ भनेर भनेको छ यसलाई साँध सिमाना कसरी छुट्याउने ? स्थानीय तहसँग प्रदेश सरकार झगडा गर्न जाने हो ? अंश त बाउसँग माग्ने होला नि ? बाउले अंश नदिएको

झोकमा भाइसँग झगडा गर्न जाने कति न्याय संगत हुन्छ ? एकापट्टी कोभिढ १९ अर्कोपट्टी निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमलाई एकै ठाउँमा गज्यांग गुजुग गरी ल्याउने के भ्रष्टाचार गर्न यसरी ल्याइएको हो ? सांसदलाई पीपीइ र मास्क बाँडन पठाउने योजना सरकारले बनाउन लागेको हो ? हो भने खुलेर भनियोस् सरकारले कतिञ्जेल लाजको पर्दाले ढाकेर खित्का छाडेर हास्ने ? सरकारले यो शीर्षकलाई खारेज गरेर करिब ३ अर्बको बजेटलाई परिमार्जन गरोस् म भन्ने आग्रह गर्न चाहन्छु ।

गण्डकी प्रदेश सरकारले जनयुद्ध, जनआन्दोलनलगायत द्वन्द्वपीडित व्यक्ति र परिवारलाई उद्यमशीलता र सिप विकास कार्यक्रम ल्याएको छ सरकारसँग यसको तथ्यांक छ कि छैन ? को द्वन्द्वपीडित हो भन्ने कुराको तथ्यांक सरकारले राखेको छ ? त्यसको तथ्यांकको आधार नबनाई तपाईंले कार्यक्रम बनाउने के आधार छ त्यसको ? कार्यक्रम बनाएर कहिले वैशाखमा लागू गर्ने अनि यहाँबाट भ्रष्टाचार गर्ने अर्को नयाँ नमूना खोज्ने ? म अनुरोध गर्न चाहन्छु । अनि वैशाखमा लगेर  कार्यविधि बनाएर कार्यक्रमलाई प्रभावकारी बनाउन नसक्ने  अनि शहीद, बेपत्ता, घाइते, अपांग, जनयुद्ध, जनआन्दोलनका घाइतेहरूको अपमान गर्ने यो विषय बढो संवेदनशील विषय हो । यसलाई गम्भिरतापूर्वक लिइयोस् म आग्रह गर्न चाहन्छु ।

अन्त्यमा सरकारले सबै योजनाहरुलाई पूरा गर्न कार्यविधि र त्यसका प्रक्रियालाई पहिलो चौमासिकमै पूरा गर्ने कुरा बजेट वक्तव्यमा उल्लेख गरेको छ । माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यू तपाईंको मन्त्रालयले योजना स्वीकृत गर्ने चार महिना, योजना स्वीकृत गर्नै चार महिना लगाइदिन्छ, खर्च अख्तियारी दिन छ महिना लगाउनु हुन्छ, अनि पहिलो चौमासिकमै सबै प्रक्रिया पूरा गराउने कुरा गर्नुहुन्छ मलाई अचम्म लाग्छ । त्यसमा पनि कोभिड १९ ले एकपछि अर्को हामीलाई चेप्दै छ । यस्तो परिस्थिति फास्ट ट्याकबाट जिल्ला अस्पतालहरूमा सघन कक्ष निर्माण गर्ने कुरा, आइसोलेसन बेड बनाउनुहोस् । जिल्ला अस्पतालहरू भन्दा बाहेकका बुर्तिबाँग, सुन्दर बजार, बन्दीपुर, गल्यांग, हेलु, आँपपिपल अस्पतालाई वैकल्पिक अस्पतालका रूपमा घोषणा गरेर निर्वाचन क्षेत्रीय पूर्वाधार विकास कार्यक्रमको करिब ३ अर्ब बजेट समन्यायिक ढंगबाट सबै जिल्ला अस्पताल र वैकल्पिक अस्पतालहरूमा बजेट विनियोजना गरौं । युवाहरूलाई स्वरोजगार बनाउन बजेट बक्तव्यले कुन चाहि बुँदामा सम्बोधन गरेको छ मलाई अचम्म लाग्छ । स्थानीय तहले पीसीआर टेष्ट गर्ने मेसिन खरदि गर्न हामी बजेट प्रदान गर्छौं भन्दा सरकार किन उपयुक्त वातावरण बनाउन सक्दैन ? हामीलाई थाहा छ अहिले प्रत्येक जिल्लामा, सबै ठाउँमा १५ देखि २० मान्छे क्वारेन्टिनमा बस्दाखेरि पनि उसले पीसीआर टेष्ट गर्न पाउँदैन । अनि त्यो १५ देखि २० दिन त्यो मान्छे त्यहाँ बस्दाखेरि अर्को संक्रमित रैछ भने अर्को संक्रमित नभएको पनि सर्ने त्यो क्वारेन्टिन हाम्रो एउटा संक्रमित सार्ने अखडा बनिराखेको छ । हामी

के त्यस्तै बनाउन खोजिराखेका हौं ? आज इन्डियाबाट धेरै नागरिकहरू आउँदाखेरी अहिले जोखिमपूर्ण समस्या भनेको इन्डियाबाट आउने नागरिकहरूको सम्बन्धमा बनेको छ। हामीले त्यसलाई विशेष ढंगले ख्याल गरेर प्रत्येक जिल्लामा पीसीआर टेष्ट गर्ने त्यो व्यवस्था, जनशक्तिसहितको व्यवस्थापन प्रदेश सरकारले किन गर्न सक्दैन ? त्यो खालको कार्यक्रम हामीले किन बनाउन सक्दैनौं ? आज त्यो नहुँदाखेरि प्रत्येक ठाउँमा समस्या पैदा भइराखेको छ । स्थानीय तह अहिले क्वारेन्टाइनको खर्च व्यहोर्न नसकेर किन हामीले त भनिसकेका छौं सरकारी केन्द्र सरकारले पनि त्यो निर्णय गरिसकेको छ । स्थानीय तहले क्वारेन्टाइनको व्यवस्थापन गर्ने । अहिले १ महिनासम्म क्वारेन्टाइनमा राख्दाखेरि त्यो स्थानीय तहको ढाँड भाँच्चिएको छ । मैले अनुरोध गरिराखेको छ, गुनासो पोखिराखेका छन्।

हामीले त्यो गुनासोलाई कहिले सम्बोधन गर्न सक्छौं । म सरकारसँग आग्रह गर्न चाहन्छु हामी बजेटलाई ठीक ढंगले विनियोजन गर्ने हो भने, कोभिड १९ लाई हामीले ठीक ढंगले नियन्त्रण गर्ने हो भने, हामीले नयाँ ढंगले एउटा सोच बनाएर ल्याउन जरुरी छ । म आग्रह गर्न चाहन्छु । हामी एक पटक सोचौं अचम्म लाग्छ, मैले मेरो एउटा निर्वाचन क्षेत्रमा एउटा कार्यक्रम परेको थियो । त्यो कार्यक्रम २ वर्ष लगातार त्यो किताबमा आयो । तेस्रो वर्ष पनि पर्‍यो, तेस्रो वर्ष कार्यान्वयन हुन्छ होला भनेर दोस्रो वर्ष पनि पर्‍यो कार्यान्वयन हुन्छ भनेर म ढुक्क भएँ तर त्यो कार्यान्वयन भएन । त्यो योजना त मेरो निर्वाचन क्षेत्रको ठाउँ हो भनेर मन्त्रीज्यूले नै चोरिदिनुभयो । म अचम्म लाग्छ, अहिले पनि लाग्छ, आज यस्तो यो परिस्थितिमा सरकार कुन ठाउँमा छ ?

हामी मगन्ते होइन, हामी त अधिकार सहित यो संसदमा आएका हौं । म अनुरोध गर्न चाहन्छु । हामीले हामी त्यो अधिकारलाई प्रयोग गर्नका निमित्त, जनताले दिएको अधिकारलाई प्रयोग गर्नका निमित्त हामी आएका छौं । त्यसैले म अनुरोध गर्न चाहन्छु । सरकारले त्यो विषयलाई गम्भिरतापूर्वक लियोस् । हामी यति बेला नेपालको यो आर्थिक क्षेत्रलाई जुन संकटग्रस्त भएको यो आर्थिक क्षेत्रलाई हामीले कसरी विकास गर्ने ? कसरी चलायमान बनाउने ? कसरी गतिशील बनाउने भन्ने कुरा कम्तिमा सबै प्रतिपक्षहरूका सबै साथीहरूको सुझाव लिएर जान सरकार किन तयार भएको छैन ? मलाई अचम्म लाग्छ । आज (माननीय सभामुखः माननीय सदस्य समय सकियो। ) यो प्रतिपक्ष र सत्ता पक्ष दुवै नहुँदाखेरी त यो संसदीय अभ्यास अगाडि बढ्दैन होला नि त ? अनुरोध गर्न चाहन्छु, आगामी दिन यस्तो नदोहोरियोस् धन्यवाद

## माननीय सभामुख

माननीय सदस्यहरू अब यो बैठक २०७७ साल असार ७ गते दिनको १२:०० बजे सम्मको लागि स्थगित हुन्छ ।